२०८२ असार ९ गते तदनुसार June 25, 2025 सोमबार बैठकमा पेश भएका कार्यसूचीहरु :

१. सेवा करार कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सम्बन्धमा ।

२. कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) प्रतिवेदन सम्बन्धमा ।

३. जग्गा उपलब्ध गराउने नामावली सिफारिस तथा प्रमाणीकरण सम्बन्धी निर्णय संशोधन सम्बन्धमा ।

४. रोजगार सेवा केन्द्र कर्मचारी व्यवस्थापन सम्बन्धमा ।

५. कार्यरत करार सेवा कर्मचारीको सेवा करार अवधि थप तथा नयाँ करार कर्मचारी नियुक्ति सम्बन्धमा

६. करार सेवा कर्मचारीहरुको महंगी भत्ता सम्बन्धमा ।

७. एक गाउँ एक कृषि/पशु प्राविधिकको सेवा करार सम्बन्धमा ।

८. रोजगार रणनीति अध्यावधिक सम्बन्धमा ।

९. स्वास्थ्यचौकी केत्तुके भवन निर्माण योजना सम्बन्धमा ।

१०. अपाङ्गत रोकथाम तथा पुनस्थापना कार्यक्रमको बजेट खर्च गर्ने सम्बन्धमा ।

११. आगामी आ.व. २०८२/८३ को लागि आयको अनुमान, नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम र वियियोजन तथा आर्थिक विधेयक सम्बन्धमा ।

१२. ७ नं. खानेपानी व्यवस्थापन बजेट खर्च गर्ने सम्बन्धमा ।

१३. करार सेवा कर्मचारीको नपुग तलब भत्ता सम्बन्धमा ।

१४. वडा कार्यालय भवन निर्माण (वडा नं. १,२,६ र ७) बजेट सम्बन्धमा ।

१५. कार्यालय प्रमुख र लेखा अधिकृत/लेखा प्रमुखको प्रोत्साहन भत्ता सम्बन्धमा ।

१६. सरकारी कारोबार गर्ने बैंक परिवर्तन सम्बन्धमा ।

ज्ञानेन्द्र रुम्दाली
अध्यक्ष

१७. मानेभन्ज्याङ सामुदायिक अस्पताल सञ्चालन साझेदारी सम्बन्धमा

ज्ञानेन्द्र रुन्दाली
अध्यक्ष

प्रमाणित गरिएको
मिति २०८१/३/१

बैठकका निर्णयहरुः

निर्णय नं.१ नेपाल सरकार, श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयको, सामाजिक सुरक्षा कोषको मिति २०८२/०२/१६ को परिपत्र, मिति २०८२/०१/०१ गते नेपाल राजपत्रमा प्रकाशित सूचना एवम् कोशी प्रदेश सरकार स्थानीय सरकारी सेवा ऐन, २०८० को दफा १४४ (१) मा अस्थायी तथा करार कर्चचारी सम्वन्धी भएको व्यवस्था वमोजिम यस गाउँपालिका अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरुलाई आगामी आ.व. २०८२/८३ देखि क्रमशः योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आवद्ध गराउन मानेभन्ज्याङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सामाजिक सुरक्षा कोषमा रोजगार दाताको रुपमा सूचिकृत गराउने निर्णय गरियो । साथै आ.व. २०८२/८३ मा गाउँ कार्यपालिका तथा अन्तर्गतका कार्यालयमा रही चालु आ.व. को अन्त्यसम्ममा कम्तिमा ६० (साठी) महिना पूरा गरी उक्त योजनामा आवद्धमा जनाउन इच्छुक करार सेवाका कर्मचारीहरुलाई यस सम्वन्धमा सूचित गरी मिति २०८२ साउन महिनादेखि लागू हुने गरी योगदानकर्ताको रुपमा सूचिकृत गराउने तथा यस प्रयोजनको गाउँ कार्यपालिकाले तोकेको आवश्यक मापदण्ड पूरा गरेका कर्मचारी (योगदानकर्ता)ले खाईपाई आएको सम्वन्धित तहको शुरु तलवलाई आधारभूत तलव मानी त्यसको २० (बीस) प्रतिशतका दरले हुन आउने वजेट विनियोजन गरी सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.२ गाउँ कार्यपालिकाको मिति २०८२/०२/०७ बैठकको निर्णायनुसार गठित संगठनन संरचना तथा दरवन्दी सिर्जना गर्न, पुनरावलोकन गर्न वा हेरफेर गर्न गठित सिफारिस समितिले पेश गरेको प्रतिवेदन उपर छलफल गरी आवश्यक संशोधन सहित उक्त प्रतिवेदन स्वीकृत गरी कोशी प्रदेश स्थानीय सेवा ऐन, २०८० को दफा ६(३) मा भएको व्यवस्था वमोजिम गाउँसभमा अनुमोदनको लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ गाउँ कार्यपालिकाको मिति २०८२/०३/०३ मा गाउँपालिकाभित्रका भूमिहीन, दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासको लगत संकलन सम्वन्धि कार्यविधि, २०८१ को दफा १२(१) वमोजिमको प्रक्रिया पूरा गरी मानेभन्ज्याङ गाउँपालिकास्तरीय सहजीकरण समितिको मिति २०८०/०२/०९ गतेको निर्णय एवम् सिफारिस वमोजिम तपसिलमा उल्लिखित विवरण अनुसारको जग्गा भूमिहीन दलित तथा भूमिहीन सुकुम्वासीलाई ऐ. ऐनको दफा १३(३) वमोजिम जग्गा उपलब्ध गराउने गरी प्रमाणीकरण गरी भूमि समस्या समाधान आयोग जिल्ला समिति ओखलढुङ्गा लेखी पठाउने निर्णय भएकोमा त्यस निर्णयमा तपसिल वमोजिम संशोधन गर्ने निर्णय गरियो ।

ज्ञानेन्द्र रुञ्जाली
अध्यक्ष

प्रमाणित गरिएको
२०८२/३/९

तपसिलः

क.सं.	नाम, थर	ना.प्र.नं.	वार्ड नं.	कित्ता नं.	निवेदन फारम नं.	अनुमानित क्षेत्रफल
१.	रेनुका कुमारी गौतम	५९५६/७३२८	७	साविक टोक्सेल गाविस वार्ड नं. १ को कित्ता नं. ३९४	BS2051326	340.00m2
२.	सोमबहादुर दमाई	१३३०४८/३४७	७		BD2051333	340.00m2
३.	मस्तबहादुर दमाई	१३३०४८/३४५	७		BD2051328	340.00m2
४.	विनोद अधिकारी	१३१०५५/३५६	४	साविक मोली गाविस वडा नं. ९ को कित्ता नं. २९९	BS2051221	131.16m2
५.	सुकुनीमाया सार्की	१३-०१-७४/००३४१	४	साविक माधवपुर गाविस वार्ड नं. ८ को कित्ता नं. १८६	BS2051445	340m2
६.	रास धन राई	६४९/६६८	६	साविक थाक्ले गाविस वडा नं. ९ को कित्ता नं. ४२७	BS2051443	2034.59m2

निर्णय नं.-४ रोजगारीको हकसम्वन्धी ऐन, २०७५ को दफा १० वमोजिम यस गाउँपालिका मातहतको रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारीकहरुको तलव भत्ता संघीय सशर्त अनुदान मार्फत वित्तीय हस्तान्तरणवाट निकासा प्राप्त हुने गरेकोमा आगामी आ.व. २०८२/८३ वाट निकासा निकासा प्राप्त नभएका जनशक्तिलाई नेपाल सरकारले घोषणा गरेको आन्तरिक रोजगार प्रवर्द्धन दशक (२०८२/८३-२०९१/९२) को सन्दर्भमा व्यवस्थापन गर्न वाञ्छनीय ठहरिएको साथै गाउँपालिकाको स्वीकृत दरवन्दीमा कर्मचारी पूर्णरुपमा पदपूर्ति नभएकोले अतिरिक्त थप जिम्मेवारी समेत दिनुपर्ने भएकाले रोजगार सेवा केन्द्रका कर्मचारीको पदपूर्ति तथा सेवा सुविधा सम्वन्धी मापदण्ड वमोजिमको नियमानुसार पाउने तलव भत्ताको लागि रोजगार सेवा केन्द्र कर्मचारी तलव भत्ता शिर्षकमा विनियोजन गरी आगमी आ.व. मा साविक पदमा रही कामकाज गर्ने गरी निजकहरको सेवा करारलाई निरन्तरता दिने प्रस्ताव गाउँसभामा पेश गर्ने निर्णय गरियो । साथै आगमी आ.व. वाट सञ्चालन हुने सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्शकर्त सहायकस्तर पाँचौ तह पदको ५० प्रतिशत वरावरको तलव भत्ता र १ (एक) जना रिटर्नी स्वयंसेवक पदमा नेपाल सरकारले निर्धारण गरेको न्यूनतमा मासिक पारिश्रमिक रु. १७,३००/-, चाडपर्व खर्च र पोशाक भत्ता समेत भुक्तानी दिनेगरी सोही शिर्षकमा बजेट विनियोजन गरी सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-५ चालु आर्थिक वर्ष २०८१/८२ मा गाउँ कार्यपालिका तथा अन्तर्गतका कार्यालयहरुमा सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा करार अवधि आगामी आर्थिक वर्ष २०८२/८३ पौष मसान्त सम्मको लागि सेवा करार अवधि थप्ने निर्णय गरी सभमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-६: चालु आ.व. २०८१/८२ मा गाउँ कार्यपालिका तथा अन्तर्गतका कार्यालयहरुमा सेवा करारमा कार्यरत रही आगामी आ.व. २०८२/८३ मा सेवा करार थप भएका चालु आ.व. मा कोशी प्रदेश स्थानीय सरकारी सेवा ऐन, २०८० को दफा १४४(३) मा व्यवस्था भए बमोजिम महंगी भत्ताको सुविधा पाईरहेका सेवा करार कर्मचारीहरुलाई संघीय सशर्त अनुदान, प्रदेश सशर्त अनुदान तथा अन्य निकायको पदपूर्ति तथा सेवा

ज्ञानेन्द्र रुन्दाली
अध्यक्ष

प्रमाणित गर्ने

सुविधा सम्बन्धी मापदण्ड बमोजिम उक्त भत्ता पाउने कर्मचारीलाई नियमानुसार तथा अन्य स्थानीय कर्मचारीहरुलाई साविककै मासिक रु. २,०००/ (दुई हजार) का दरले पाउने गरी महंगी भत्ता सुविधालाई निरन्तरता दिने निर्णय गरी सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-७ नेपाल सरकार, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको मिति २०८२/०२/२६, च.नं. १५६ को पत्र बमोजिम चालु आ.व. २०८१/८२ मा यस कार्यालयमा सेवा करारमा कार्यरत एक गाउँ एक कृषि/पशु प्रावधिकको तलब भत्ता संघीय सरकारबाट आगामी आ.व. २०८२/८३ का लागि प्राप्त नहुने भएकोले आगामी आ.व.मा हाल सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा करार थप नगर्ने तथा पालिकाको आन्तरिक स्रोतबाट बेहोर्ने गरी कार्यपालिकाको निर्णयानुसार आगामी आर्थिक वर्षको लागि नयाँ पदपूर्ति गर्ने निर्णय गरी सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-८ मानेभन्ज्याङ गाउँपालिकाको स्थानीय तहको पञ्चवर्षीय रोजगार रणनीति आन्तरिक रोजगार प्रवर्धन दशकको सन्दर्भमा स्थानीय तहले गर्न सक्ने क्रियाकलाप समेटी अध्यावधिक गरिएको अद्यावधिक रणनीति स्वीकृत गरी अनुमोदनका लागि सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-९ चालु आ.व. २०८१/८२ मा प्रदेश सरकारबाट हस्तान्तरित बजेट शिर्षक मानेभन्ज्याङ केत्तुके स्वास्थ्यचौकी भवन निर्माणको लागि विनियोजित बजेट रु. ३०,००,०००/- (तीस लाख) बाट मानेभन्ज्याङ-४, केत्तुकेमा शुरुमा उपभोक्ता समितिबाट निर्माण कार्य गर्ने गरी गाउँपालिका कार्यालयसँग च.नं. मिति २०८१/०८/२४ मा सम्झौता भई कार्य शुरुवात भएकोमा पछि योजना कार्यान्वयनको विधिमा विवाद उत्पन्न भएको भनी गाउँ कार्यपालिकाको कार्यालयबाट च.नं. ८०० को मिति २०८१/०८/२६ पत्रबाट तत्काल काम रोक्न उपभोक्ता समितिलाई जानकारी गराईएकोमा तत्पश्चात सम्बन्धित उपभोक्ता समितिले सम्मानित उच्च अदालत विराटनगरको अस्थायी ईजलास, ओखलढुंगामा मिति २०८१/१०/१३ मा सम्झौता बमोजिमको पेश्की रकम भुक्तानी नभएको बेहोराको कार्यालय लगायतलाई प्रतिवादी बनाई उत्प्रेषणको परमादेश सम्बन्धमा मुद्दा दायर गरेकोमा सम्मानित उच्च अदालतबाट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा व्यवस्था भए बमोजिम सार्वजनिक निकायले २० लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनुसुकै सेवा खरिद गर्नुपर्दा खुल्ला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने बेहोराको मिति २०८१/११/२२ मा आदेश भई आएकोले उक्त योजना चालु आ.व. कार्यन्वायन हुन नसकी बजेट रकम फ्रिज हुने सक्ने सम्भावना रहेको देखिएकोले साविक उपभोक्ता समिति मार्फत योजना सम्झौता भई गाउँपालिकाबाट काम रोक्नु भन्ने बेहोराको पत्र प्रेषित गरेको मितिसम्म सम्पन्न भएको स्वीकृत लागत अनुमान अनुसार स्थानीय प्रमुख राजनीतिक दलका प्रतिनिधि, स्थानीय बुद्धिजीवि तथा समाजसेवी, जनप्रतिनिधि, गाउँपालिका कर्मचारी, गाउँपालिकास्तरीय अनुगमन समिति, आदि संलग्न मुचुल्का मार्फत कार्य सम्पन्न कामको परिमाण (BoQ) उठाई तत्पश्चात प्राविधिक मूल्यांकन गर्दा हुन आउने रकम बराबर गाउँपालिकास्तरीय योजना अनुगमन समितिको प्रतिवेदनको आधारमा भुक्तानी गर्ने गरी उक्त मानेभन्ज्याङ केत्तुके स्वास्थ्यचौकी भवन निर्माण लागि बजेट विनियोजन गरी साविक

ज्ञानेन्द्र रुम्दाली
अध्यक्ष

प्रमाणित गरिएको

उपभोक्ता समितिले भुक्तानी लिन नमिल्ने गरी सम्बन्धित पक्ष (श्रमिक र आपूर्तिकर्ता वा अन्य कुनै पक्ष) लाई सोझै भुक्तानी गर्ने गरी सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-१० चालु आ.व. २०८१/८२ मा सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश सरकार, करुणा फाउण्डेशन, नेपाल र मानेभन्ज्याङ गाउँपालिकाको त्रिपक्षीय लागत साझेदारीमा सञ्चालन भईरहेको अपाङ्गता रोकथाम तथा पुनः स्थापना कार्यक्रम अन्तर्गत २८ दिनदेखि ५ वर्ष मुनिका बालबालिकाहरुमा हुन सक्ने जन्मदोष/अपाङ्गताको शीघ्र पहिचान र व्यवस्थापन शिर्षकमा ९८,५५०।– (अक्षरुपी रकम अन्ठानब्बे हजार पाँच सय पचास मात्र) विनियोजन हुनुपर्नेमा रु. ४३८,७५०।– (अक्षरुपी रकम चार लाख अढ्तीस हजार सात सय पचास मात्र) विनियोजन भई आएको हुँदा बाँकी रकम रु. ३४०,२००।(अक्षरुपी रकम तिन लाख चालिस हजार दुई सय मात्र) अपाङ्गता परिचय पत्र वितरण सम्वन्धी स्थानीय समन्वय समितिको निर्णयानुसार देहायवमोजिमको शिर्षकमा खर्च गर्ने निर्णय गरियो ।

<u>तपसिलः</u>

(क) स्वास्थ्य उपचार सहयोग।

(ख) ह्विलचेयरमैत्री संरचना निर्माण

साथै पुनः जन्मदोष पहिचान भएका नवजात शिशुको उपचार सहयोग शिर्षकमा रु.५०,०००। (अक्षरुपी रकम पचास हजार विनियोजन भएको तर नवजात शिशुको पहिचान नभएकोले उल्लिखित शिर्षकमा विनियोजित बजेट जन्मदोष पहिचान भएका बालबालिकाहरुको उपचारका लागि सहयोग गर्ने कार्यमा खर्च गर्ने निर्णय पारित गरियो।

निर्णय नं.-११ *स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति*वाट प्राप्त आगामी आ.व. २०८२/८३ को लागि आयको अनुमान, *बजेट तथा कार्यक्रम तर्जुमा समिति*वाट प्राप्त नीति तथा कार्यक्रम र आगामी आ.व. २०८२/८३ को लागि प्रस्तावित बजेट तथा कार्यक्रम, आर्थिक विधेयक, २०८२ र विनियोजन विधेयक, २०८२ लाई पनि स्वीकृत गरी सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-१२ यस गाउँपालिकाको चालु आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम ७ नं. वडा खानेपानी व्यवस्थापन शिर्षकमा गाउँपालिकावाट विनियोजन भएको बजेट रकम रु. १० लाख वाट खानेपानी योजनाको लागि आवश्यक सामान प्राविधिक लागत अनुसार कोटेशन मार्फत खरिद गरी सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

निर्णय नं.-१३ यस कार्यालय तथा अन्तर्गतका कार्याहरुमा सेवा करारमा कार्यरत कर्मचारीकोहरुको पारिश्रमिक वार्षिक विनियोजित बजेट करार सेवा शुल्कवाट भुक्तानी गर्न अपुग देखिन आएकोले नपुग पारिश्रकिक गाउँपालिकाको वार्षिक बजेट पारिश्रमिक कर्मचारी बजेट शिर्षक तथा एक गाउँ एक कृषि/पशु प्राविधिक, मनोसामाजिक सामुदायिक कार्यकर्ता, मोतिराज राई ग्रामीण आँखा केन्द्र र अपाङ्गता रोकथाम तथा

ज्ञानेन्द्र लम्दाली
अध्यक्ष

पुनःस्थापना कार्यक्रम सेवा करार कर्मचारीको नपुग हुनसक्ने पारिश्रमिक गाउँपालिका सेवा करार शुल्कवाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.-१४ आ.व. २०८०/८१ मा संघीय समपूरक अनुदान रकम रु. १ करोड र गाउँपालिकाको पारस्परिक साझेदारीमा विनियोजित वडा कार्यालय भवन निर्माण (वडा नं. १,२,६ र ८) वजेटवाट ठेकेदार फर्म सपनावती निर्माण सेवासँग रु. ९३,६०,८७२.०८ (पीएस वाहेक) को मिति २०८०/११/०४ मा सम्झौता भई आ.व. २०८०/८१ मा रु. ५४,४४,८५३.०८० (५८.१६ प्रतिशत) कार्यसम्पन्न भएको तथा उक्त विलको भुक्तानी भएकोमा वडा कार्यालय भवन निर्माणको भौतिक प्रगति अधुरो रहन गएकोले उक्त फर्मलाई चालु आ.व. २०८१/८२ मा मिति २०८१/०५/१६ देखि २०८१/०६/३० सम्म म्याद थपिएको तर भुक्तानी गर्ने स्रोत/वजेटको सुनिश्चितता नगरिएको कारणवाट म्याद थपिएको अवधिमा भएको सम्झौता अनुसार सम्पन्न भएको थप कामको भुक्तानी चालु आर्थिक वर्षभित्र हुनसक्ने सम्भावना नरहेकोले आगामी आर्थिक वर्षमा वडा कार्यालय भवन निर्माण गत आ.व. भुक्तानी बाँकी शिर्षकमा आवश्यक वजेट विनियोजन गरी पछि प्राविधिकवाट प्राप्त कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी गर्ने व्यवस्थाका लागि गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-१५ यस कार्यालयमा कार्यरत कार्यालय प्रमुख श्री भोगवहादुर राई र लेखा प्रमुख श्री मातृका वास्तोलालाई अतिरिक्त कार्यवोझ हुने भएकोले आगामी आर्थिक वर्षको साउन महिनादेखि मासिक तलवको २० (वीस) प्रतिशत प्रतिशतमा १ (एक) प्रतिशत पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर कट्टी गरी प्रति महिना अतिरिक्त मौद्रिक सुविधा दिने निर्णय गरी सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-१६ मानेभन्ज्याङ गाउँपालिकाको हाल राष्ट्रिय वाणिज्य वैंक लि., मानेभन्ज्याङ शाखा कार्यालय मार्फत सरकारी कारोवार संचालन हुँदै आएकोमा वैंकको कार्यप्रक्रिया तथा कर्मचारीको कार्यशैली सम्बन्धमा जनगुनासो प्राप्त भएको सन्दर्भमा सरकारी कारोवार निर्देशिका, २०७६ (दोस्रो संशोधन) को निर्देशन नं. १०.४.२(ख) तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८ मा व्यवस्था भए वमोजिम राष्ट्रिय वाणिज्य वैंक लि.,सँगको सरकारी कारोवार वन्द गर्ने तथा आर्थिक वर्ष २०८२/८३ देखि प्राईम कमर्सिएल वैंक लि., मानेभन्ज्याङ शाखा मार्फत सरकारी कारोबार गर्न आवश्यक व्यवस्था एवम् स्वीकृतिका लागि सम्वन्धित निकायमा लेखी पठाउने निर्णय गरी अनुमोदनको लागि सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-१६ मानेभन्ज्याङ गाउँपालिकामा सञ्चालन हुने ५ वेडको सामुदायिक अस्पताल अन्य स्थानीय तह, विभिन्न दातृ निकाय एवम् अन्य निकाय/संघ सँस्थाको साझेदारीमा समेत सञ्चालन गर्न सकिने गरियो।

ज्ञानेन्द्र रुम्दाली
अध्यक्ष

प्रमाणित गर्ने
मि. २०८२/३/५

मानेभन्ज्याङ गाउँपालिकाको सङ्गठन संरचना

गाउँसभा → लेखा, विधायन, सुशासन तथा अन्य समिति

गाउँ कार्यपालिका → आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद व्यवस्थापन समिति

अध्यक्ष → उपाध्यक्ष → न्यायिक समिति

प्रमुख प्रशासकीय अधिकृत
प्रशासन (आठौं) -१

१. आर्थिक प्रशासन तथा राजस्व

- आर्थिक प्रशासन उपशाखा
  - क. अधिकृत, लेखा (७/८औं) -१
  - ख. सहायक, लेखा (५/६औं) -१
- राजस्व उपशाखा
  - क. सहायक, प्रशासन (५/६औं) -१

२. आर्थिक विकास शाखा

- रोजगार सेवा केन्द्र
  - क. रोजगार संयोजक (७/८औं) - १
  - ख. रोजगार सहायक (पाँचौं) -१
  - ग. प्रा.स., सिभिल (पाँचौं) -१
- सहकारी, उद्योग, आपूर्ति उपशाखा
  - क. सहायक, प्रशासन (५/६औं) -१
- लघु उद्यम उपशाखा
  - क. उ.वि.स. (चौथो) -१

३. कृषि विकास शाखा (कृषि सेवा)

क. अधिकृत (७/८औं) -१
ख. सहायक (५/६औं) -२
ग. सहायक (चौथो) -१

४. पशु सेवा शाखा (कृषि सेवा)

क. अधिकृत (७/८ औं) -१
ख. सहायक, भेटेरिनरी (५/६औं) -१
ग. सहायक, लापोडेडे (५/६औं) -१
घ. सहायक, भेटेरिनरी (चौथो) -१
ङ. सहायक, लापोडेडे (चौथो) -१

आन्तरिक लेखा परीक्षण-एकाई

आ.ले.प., लेखा (५/६औं) -१

५. पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा (इन्जिनियरिङ सेवा)

क. इन्जिनियर, सिभिल (७/८औं)-१
ख. इन्जिनियर, वि.आ. (७/८औं)-१
ग. स.इ., सिभिल (५/६औं) -१
घ. अ.स.इ., सिभिल (चौथो) -१
ङ. खापासटे.सि., स्यानिटरी (चौथो) -१
च. अमिन, सिभिल, सर्भे (चौथो) -१

ज्ञानेन्द्र रुन्दाली
अध्यक्ष

CamScanner

६. प्रशासन शाखा

- सा.प्र. तथा जनशक्ति विकास उपशाखा
  क. अधिकृत, प्रशासन (७/८ औं) -१
- सार्वजनिक खरिद तथा सम्पति व्यवस्थापन उपशाखा
  क. सहायक, प्रशासन (५/६औं) -१
- सूचना प्रविधि तथा तथ्याङ्क उपशाखा
  क. सूचना प्रविधि अधिकृत (७/८ औं) -१
  ख. क.अ. (५/६ औं) -१
- कानून तथा न्यायिक समिति सहर्जीकरण उपशाखा
  क. अधिकृत, कानून (७/८ औं) -१

वडा कार्यालय

क. सहायक, प्रशासन (५/६ औं) -४
ख. स.इ., सिभिल (५/६ औं) -४
ग. सहायक, प्रशासन (चौथो) -५
घ. अ.स.इ., सिभिल (चौथो) -५

७. योजना तथा अनुगमन शाखा

क. अधिकृत, प्रशासन (७/८ औं) -१
ख. सहायक, प्रशासन (५/६औं) -१

८. शिक्षा, युवा तथा खेलकुद शाखा (शिक्षा सेवा)

क. अधिकृत (७/८ औं) -१
ख. प्रा.स. (५/६औं) -१

९. सामाजिक विकास शाखा

- सामाजिक सुरक्षा तथा पञ्जीकरण उपशाखा
  क. एम.आइ.एस अपरेटर (पाँचौं) -१
  ख. फिल्ड सहायक (चौथो) -१
- महिला, बालबालिका तथा समाज कल्याण उपशाखा
  क. स.म.वि.नि., विविध (चौथो) -१

१०. स्वास्थ्य शाखा (स्वास्थ्य सेवा)

क. अधिकृत, हे.इ. (छैटौं) -१
ख. अधिकृत, क.न.,प.हे.न. (छैटौं) -१

स्वास्थ्य चौकी

क. अधिकृत, हे.इ. (छैटौं) - ८
ख. सहायक, हे.इ. (पाँचौं) - ८
ग. सहायक, क.न.,प.हे.न. (पाँचौं) - ८
घ. सहायक, हे.इ. (चौथो) - ८
ङ. सहायक, क.न., प.हे.न. (चौथो) - ८

CamScanner